नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(स्थानीय तह समन्वय शाखा) सिंहदरबार, काठमाडौं ।
फोन नं.: ०१-४२००५११
४२००३०४

पत्र संख्या :- स्था.त.स.शा./अन्य/फा.सं.-३/०७६/७७ मिति :- २०७६/११/२२
च.नं. :- ३५५

श्री स्थानीय तह (सबै) ।

बिषयः- सहयोग र समन्वय सम्बन्धमा ।

प्रस्तुत बिषयमा निर्वाचन आयोग, नेपालको च.नं. १२२ प.स. ०७६/०७७ मिति २०७६/११/१५ को **मतदाता नामावली सङ्कलन (मतदाता नामावलीमा दर्ता गराउन छुट भएका व्यक्तिहरुको नाम दर्ता गर्ने) तथा मतदाता नामावली अद्यावधिक (मतदाता नामावलीमा भएको त्रुटि सच्याउने, दोहोरो नाम हटाउने, नाम सार्ने, उजुरी दिने नाम हटाउने) कार्यक्रम सञ्चालन** सम्बन्धी पत्राचार गरिदिने सम्बन्धको प्राप्त पत्र संलग्न छ । सो सम्बन्धमा पत्रबाटै थप व्यहोरा अवगत गर्नुभई सोही अनुसार आवश्यक सहयोग र समन्वय गरिदिनुहुन आदेशानुसार अनुरोध छ ।

२०७६/११/२२
(राजकुमार वोहरा)
शाखा अधिकृत

वोधार्थ :
श्री निर्वाचन आयोग, नेपाल ।
श्री सूचना तथा प्रविधि शाखा; **Website** मा **upload** गरिदिनुहुन ।

# निर्वाचन आयोग, नेपाल
# ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref: ०७६।७७।१२२ (मतदाता नामावली तथा निर्वाचन संचालन शाखा)

मिति: २०७६/११/१५

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार, काठमाण्डौं

दर्ता नं.: ११२०३ २०७६।११।१८

**विषय: स्थानीय तहलाई पत्राचार गरिदिने सम्बन्धमा ।**

प्रस्तुत बिषयमा आयोगको मिति २०६७/११/७ गतेको निर्णयानुसार यही मिति २०७६ साल चैत्र ७ गतेबाट मुलुकका सबै स्थानीय तहका वडास्तरमा मतदाता नामावली सङ्कलन (मतदाता नामावलीमा नाम दर्ता गराउन छुट भएका व्यक्तिहरुको नाम दर्ता गर्ने) तथा मतदाता नामावली अद्यावधिक (मतदाता नामावलीमा भएको त्रुटि सच्याउने, दोहोरो नाम हटाउने, नाम सार्ने, उजुरी दिने, नाम हटाउने) कार्यक्रम सञ्चालन हुन गैरहेको छ । प्रस्तुत कार्यक्रम बमोजिम स्थानीय तहका वडाको वडा सचिवलाई सहायक नाम दर्ता अधिकारी र वडाका अन्य कर्मचारीहरुलाई समेत जिम्मेवारी दिने व्यवस्था भएको हुँदा मिति २०७६ साल चैत्र ७ गते देखि मिति २०७७ साल जेठ मसान्तसम्म मतदाता नामावली सङ्कलन गर्ने कार्यमा र मिति २०७७ साल असार १ गतेदेखि ऐ. ७ गतेसम्म सञ्चालन हुने मतदाता नामावली अद्यावधिक गर्ने कार्यमा तहाँबाट आवश्यक सहयोग र समन्वयका लागी ७५३ स्थानीय तहलाई र स्थानीय तहले सम्बन्धित वडालाई पत्राचार गर्ने व्यवस्थाका लागि आदेशानुसार अनुरोध गर्दछु ।

<u>बोधार्थ:</u>

जिल्ला निर्वाचन कार्यालय, सबै ।

२०७६।११।१८

(रमेश कुमार जोशी)

शाखा अधिकृत

"स्वतन्त्र र निष्पक्ष निर्वाचन: राष्ट्को गौरव"
" Free and Fair Election: Pride of Nation"
कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np